# घरजग्गा कारोबारमा उच्च गिरावट

**नेपाल समाचारपत्र, काठमाडौं**

घरजग्गा कारोबारमा उच्च गिरावट आएको छ। भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनामा देशभर ३१ हजार ६ सय कारोबार भएका छन्, जुन अघिल्लो वर्षको सोही महिनामा ४३ हजार ८ सयवटा कारोबार भएका थिए।

साउन महिनामा काठमाडौं उपत्यकामा ३ हजारवटा मात्रै घरजग्गा किनबेच भएको छ। गत आवमा ५ लाख ९० हजारभन्दा बढी घरजग्गाको कारोबार भएको थियो। जग्गाको कित्ताकाट रोकिएको र स्थानीय तहले वर्गीकरण नगरेकाले घरजग्गाको कारोबारमा शिथिलता आएको हो।

यसैबीच घरजग्गा कारोबार गर्न अब अनिवार्य लाइसेन्स लिनुपर्ने भएको छ। मालपोत नियमावली, २०३६ लाई आठौंपटकको संशोधनले सो व्यवस्था गरेको हो। एकपटकमा पाँच करोड रुपियाँसम्मको कारोबार गर्नेले पाँच लाख, पाँच करोडभन्दा बढीको कारोबार गर्नेले १० लाख रुपियाँ दस्तुर तिरेर लाइसेन्स लिनु पर्नेछ। साथै हरेक वर्ष नवीकरण वापत चार लाखदेखि आठ लाख रुपियाँसम्म शुल्क बुझाउनुपर्ने छ। अघिल्लो वर्ष नै बजेटमार्फत लाइसेन्स प्रणालीको घोषणा भए पनि कानुनी व्यवस्था नहुँदा कार्यान्वयन हुन सकेको थिएन।

त्यस्तै काठमाडौं उपत्यका विकास प्राधिकरणले अबदेखि व्यावसायिक जग्गा प्लटिङ गर्नुअघि अनिवार्य रूपमा योजना अनुमति लिनुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको छ। प्राधिकरणले अनुमति नलिई गरिने कित्ताकाटमा रोक लगाएको छ। अहिलेसम्म अनुमति नलिई विभाजन गरिएका करिब १ हजारभन्दा बढी जग्गामा रोक लगाइएको प्राधिकरणले जनाएको छ। योजना अनुमति लिएर प्लटिङ गरेमा कम्तीमा २० फिट फराकिला सडक बन्ने, ५ प्रतिशत अतिरिक्त जग्गा खाली राख्नुपर्ने छ। साथै काठमाडौं उपत्यकाभित्र ३० डिग्रीभन्दा बढी भिरालो जमिनमा घर निर्माण गर्न नपाइने कानुनी व्यवस्था गरिएको छ।

# विश्व बैंकले ६ वर्षभित्र २.७ अर्ब डलर दिने

**काठमाडौं, (नेस)**

विश्व बैंकका दक्षिण एसियाका उपाध्यक्ष जोहान्स जत्त पाँच दिने औपचारिक भ्रमण सकेर नेपालबाट फर्किएका छन्। उनले भ्रमणका क्रममा अर्थमन्त्री विष्णु पौडेल, सहरी विकासमन्त्री तथा नेपाल राष्ट्र बैंकका गर्भनरलगायतसँग भेटवार्ता गरेका थिए।

जत्तले भने, '१० वर्षपछि नेपाल फर्किंदा शान्ति सुदृढीकरण, सेवा सुधार, लोडसेडिङ अन्त्य, २०१५ को भूकम्प र कोभिड महामारीपछिको पुनःर्स्थापनामा भएको प्रगति देख्दा खुसी लागेको छ।' उनले थपे-"सरकार, निजी क्षेत्र र विकास साझेदारहरूसँगको छलफलमा कृषि, उद्योग, पर्यटन, सूचना प्रविधिलगायतका क्षेत्रमा भएको उपलब्धि, आगामी सुधारको आवश्यकता, र ती उपलब्धि विस्तारमा विश्व बैंक समूहले गर्न सक्ने योगदानबारे छलफल हुनु सकारात्मक रह्यो।"

उनले आफ्ना भेटवार्तामा नेपालको १६औं योजनासँग पूर्ण रूपमा मेल खाने विश्व बैंक समूहको कन्ट्री पार्टनरसिप फ्रेमवर्कबारे जानकारी दिएका थिए। उक्त फ्रेमवर्कले नेपालका दुई मुख्य चुनौती–रोजगार सिर्जना र विपद् प्रतिरोधात्मक क्षमतालाई प्राथमिकतामा राखेको छ।

विश्व बैंक समूहले २०२५ देखि २०३१ सम्मको अवधिमा करिब २.७ अर्ब अमेरिकी डलर उपलब्ध गराउने लक्ष्य लिएको छ। यसअन्तर्गत व्यवसाय वातावरण सुधारमार्फत प्रतिस्पर्धात्मकता र लगानी वृद्धि गर्ने, पर्यटन र डिजिटल विकासमा लगानी बढाउने, र रोजगारी सिर्जना गर्ने उद्देश्य राखिएको छ।

# आर्ट एन्ड कल्चर फेस्टिभल सुरू

**काठमाडौं, (नेस)**

नेपाल आर्ट एन्ड कल्चर फेस्टिभल-२०२५ शुक्रबारदेखि सुरु भएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले महोत्सव उद्घाटन गर्नुभयो। राष्ट्रपति पौडेलले नेपाललाई विश्वमा चिनाउने प्रमुख आधारका रूपमा रहेका कला, संस्कृति र सम्पदा संरक्षण तथा प्रवर्द्धनमा सरकार र निजी क्षेत्र समान रूपमा अग्रसर हुनुपर्ने बताउनुभयो। 'लोकतन्त्रमा सबै वर्ग र पेसाका मानिसलाई समान अवसर प्राप्त हुन्छ। त्यसैको सदुपयोग गर्दै हाम्रो प्राचीन धरोहर, कला र संस्कृति संरक्षण तथा प्रवर्द्धन गर्नु हाम्रो साझा दायित्व हो।' राष्ट्रपति पौडेलले भन्नुभयो। उहाँले नेपालको सांस्कृतिक सम्पदा अध्ययन, अवलोकन र अनुसन्धानका लागि वर्षेनी लाखौं पर्यटक आउने भएकाले सम्पदा संरक्षणमा सम्पदाप्रेमी सधैं सचेत रहनुपर्ने बताउनुभयो।

आर्ट काउन्सिलका अध्यक्ष सागरशमसेर राणाले यस्ता सांस्कृतिक पर्वहरूले नेपाल मात्र नभई अन्तर्राष्ट्रिय स्तरमै ठूलो महत्व राख्ने भएकाले यसलाई वैश्विक सांस्कृतिक पर्वका रूपमा विस्तार गर्ने लक्ष्य राखिएको जानकारी दिनुभयो। काठमाडौं उपत्यकाका चारवटै सहर काठमाडौं, ललितपुर, भक्तपुर र कीर्तिपुरका विभिन्न ठाउँमा २३ दिनसम्म चल्ने महोत्सवमा ४० भन्दा बढी कार्यक्रम हुनेछन्। जसमा १ सय ५४ कलाकारका २ सय ७३ कलाकृति प्रदर्शनीमा राखिने छन्। साथै, सांस्कृतिक प्रदर्शनी, कला-कौशल, संगीत-नृत्य, परम्परागत परिकार र जीवित संस्कृति अनुभव गर्ने अवसर उपलब्ध हुनेछ। पर्यटन बोर्ड, आर्ट काउन्सिल र होटल एसोसिएसन नेपाल (हान) लगायत आयोजना र काठमाडौं उपत्यका र निजी क्षेत्रको सहकार्यमा इन्द्रजात्राको अवसरमा सुरु भएको महोत्सव ११ असोजसम्म चल्ने छ।

# ग्लोबल आइएमई बैंकलाई युरो मनी अवार्ड

**काठमाडौं, (नेस)**

ग्लोबल आइएमई बैंकले 'युरो मनी अवार्ड फर एक्सलेन्स २०२५' को बेस्ट बैंक अवार्ड प्राप्त गरेको छ। सिंगापुरमा आयोजित एक कार्यक्रममा युरोमनी म्यागाजिनका प्रतिनिधिले बैंकका संचालक समिति सदस्य रामबहादुर भण्डारी र ट्रेजरी तथा करेस्पोन्डेन्ट बैंकिङ विभागका म्यानेजर शिशिर शाक्यलाई उक्त अवार्ड हस्तान्तरण गरेका थिए। सन् १९९२ मा युरो मनी म्यागजिनद्वारा स्थापित यो अवार्ड बैंकिङ क्षेत्रको एक प्रतिष्ठित अवार्ड हो।

ग्लोबल आइएमई बैंकले ग्राहकहरूलाई प्रदान गर्दै आएको सेवा, वित्तीय अवस्था, संस्थागत सामाजिक उत्तरदायित्व, बैंकिङ क्षेत्रमा भित्र्याएको नयाँनयाँ प्रविधि, वातावरणीय, सामाजिक तथा सुशासनका क्षेत्रहरूमा बैंकले गरेको लगानी तथा बैंकको उच्चस्तरीय कार्यसम्पादनका लागि यो अवार्ड प्रदान गरिएको हो। यो वर्षको अवार्डसँगै ग्लोबल आइएमई बैंक तेश्रो पटक बेष्ट बैंक अवार्डबाट सम्मानित भएको हो। यसअघि पनि ग्लोबल आइएमई बैंकले युरो मनी अवार्ड फर एक्सलेन्स २०२२ र २०२४ मा बेस्ट बैंक अवार्ड प्राप्त गरेको थियो। यसअघि ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ र २०२५ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गत दुई विधामा नेपालको सर्वश्रेष्ठ बैंक, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२ र २०२४ मा बेष्ट बैंकको रुपमा सम्मानित भएको थियो।

नेपाल सरकार
**शहरी विकास मन्त्रालय**
**स्थानीय पूर्वाधार विकास विभाग**
**स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय**
**गण्डकी प्रदेश, कास्की, पोखरा**

**विद्युतीय बोलपत्र आव्हान सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मिति २०८२/०५/२२**

यस कर्यालय अन्तर्गत चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम बमोजिम तपसिलमा उल्लिखित निर्माण कार्यहरुको सूचना नं. LIDPO/PKR/IFB/WORKS/०२/०८२-८३ मार्फत विद्युतीय बोलपत्र आव्हान गरिएको छ। सो सम्बन्धी विस्तृत जानकारी जततउकः//bolpatra.gov.np/egp/ मार्फत प्राप्त गर्न सकिने व्यहोरा ईच्छुक बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| S.N. | Contract Identification No. | Name of Project | Bid Security Amount (NRs.) | Bid Fee Amount (NRs.) | Bidding Procedure |
|---|---|---|---|---|---|
| 1. | LIDPO/PKR/NCB/29/082-83 | Construction/Upgrading of Raghuganga RM-03, Chiple - Pahirodekhi Dagnam-Darmija- ChimKhola to GhyapsiKharka Myagdi | 6,50,000 | 5,000 | Single Stage Two Envelope |
| 2. | LIDPO/PKR/NCB/30/082-83 | Construction/Upgrading of Malika RM-05 Magardang to Panthok Jugja Road Myagdi | 6,50,000 | 5,000 | Single Stage Two Envelope |
| 3. | LIDPO/PKR/NCB/31/082-83 | Construction/Upgrading of Mangala RM -05 Khahare Khola-Chhiswang-Khopti to Darbang Road | 6,50,000 | 5,000 | Single Stage Two Envelope |
| 4. | LIDPO/PKR/NCB/32/082-83 | Construction/Upgrading of Myagdi Mangala RM -02 Simalchaur-Mithaula-Kukur Bisauna to Khanigaun Road | 6,50,000 | 5,000 | Single Stage Two Envelope |
| 5. | LIDPO/PKR/NCB/33/082-83 | Construction/Upgrading of Beni Municipality-10 Uwakhet Todket to Mangala RM 01 Kunhugaun-Purna Gaun Road | 6,50,000 | 5,000 | Single Stage Two Envelope |
| 6. | LIDPO/PKR/NCB/34/082-83 | Construction/Upgrading of Road 1: Thasang RMC-3 Dhampu Sangu Kokhethanti Road 2: Baragaun Muktichhetra Rural Municipality-3 Ghekar to Chhusng Road Road 3: Loghekar Damodarkunda RMC-3 Ghiling Village Road Road 4: Loghekar Damodarkunda RMC-2 Dhakmar Village Road | 6,50,000 | 5,000 | Single Stage Two Envelope |
| 7. | LIDPO/PKR/NCB/35/082-83 | Construction/Upgrading of Pangsar (Tangsar) to Selung Bhujrung Boksekhola Road & Foot Trail construction in Trekking Route Sekung to Dhawalagiri Icefal Thasang Rural Municipality -02 in Mustang District | 6,50,000 | 5,000 | Single Stage Two Envelope |
| 8. | LIDPO/PKR/NCB/36/082-83 | Construction/Upgrading of Birgha Bhustung Lamghabesi Kotakot Rudrabeni Road Black Top, Syangja | 6,50,000 | 5,000 | Single Stage Two Envelope |
| 9. | LIDPO/PKR/NCB/37/082-83 | Consrtuction/ Upgrading of Beltari, Basstari,Imsil,Chappa Road Upgradation, Syangja | 6,50,000 | 5,000 | Single Stage Two Envelope |
| 10. | LIDPO/PKR/NCB/38/082-83 | Construction/Upgrading of Kathekhola Rural Municipality Ward No. 6 Bihu Jiredi Dhad to Kathekhola Rural Municipality Ward No. 8 Bhudikhola Sirimpata Pairakharka Aarupata Barahasthan Shivalaya Road, Baglung | 6,50,000 | 5,000 | Single Stage Two Envelope |
| 11. | LIDPO/PKR/NCB/39/082-83 | Construction/Upgrading of Kalikinar Corridor Kolpata Road Blacktop, Baglung Municipality-14, Baglung | 6,50,000 | 5,000 | Single Stage Two Envelope |
| 12. | LIDPO/PKR/NCB/40/082-83 | Construction/Upgrading of Ganeshman Singh Marga (Pagja Jalkeni Paiyupata Laharebar Amalachaur Road), Baglung | 6,50,000 | 5,000 | Single Stage Two Envelope |
| 13. | LIDPO/PKR/NCB/41/082-83 | Construction/Upgrading of Pagja Banskot Paiyutar Municipal Hospital to Kavrebot Chisakhola Road Section Concrete and Blacktop, Baglung Municipality-13, Baglung | 6,50,000 | 5,000 | Single Stage Two Envelope |
| 14. | LIDPO/PKR/NCB/42/082-83 | Construction/Upgrading of Paiyupata Jaljala Satipokhara Bhairavsthan (Khemprakash Marga Road), Baglung Municipality-12, Baglung | 6,50,000 | 5,000 | Single Stage Two Envelope |
| 15. | LIDPO/PKR/NCB/43/082-83 | Construction/Upgrading of Hugdisir Nayabazar Shantipur Road, Bareng Rural Municipality-2, 3, Baglung | 6,50,000 | 5,000 | Single Stage Two Envelope |
| 16. | LIDPO/PKR/NCB/44/082-83 | Construction & Upgrading of Parsebhati -Todke-Sherabazar Sadak Nirman, Phedikhola Rural Municipality -4, Syangja | 6,50,000 | 5,000 | Single Stage Two Envelope |
| 17. | LIDPO/PKR/NCB/45/082-83 | Construction & upgrading of Srijana Pra.vi (paiyu kholsa) to Sherachaur Adheri Khola deurali Annapurna 1,2,3,4 -parbat Sadak ,Annapurna Rural Municipality -1, Kaski | 6,50,000 | 5,000 | Single Stage Two Envelope |
| 18. | LIDPO/PKR/NCB/46/082-83 | Construction & Upgrading of Pulchok phalankot thumki Road and Damse kunakomukh road Rupa Rural Municipality -1, Kaski | 6,50,000 | 5,000 | Single Stage Two Envelope |

**कार्यालय प्रमुख**

**Nepal Ban Nigam Limited**
Babarmahal, Kathmandu, Nepal
Tel: **+977-1-5322192,** Website: **https://nbnl.gov.np**
Email: **info@nbnl.gov.np**

**RE-INVITATION FOR ELECTRONIC BIDS**

Contract Identification Number: **NBNL/B/NCB/S/2082/83-01**
First Date of Notice Publication: **17 July 2025,** Second Date of Re-Notice Publication: **20 August 2025**
Date of Re-Notice Publication: **7 September 2025**

1. The **Nepal Ban Nigam Limited (NBNL)** Re-invites Electronic Bids from Eligible Bidders for the Procurement of Services **"Loading &Transportation of Logs from various Log Yards of Udayapur, Sunsari and Morang, Unloading, Operation of Bidder's Sawmill (Rented), Production of Sawn Wood and Piling of Sawn Wood & By-products"** under National Competitive Bidding (NCB) - Single Stage One Envelope procedures specified in the prevailing Public Procurement Act & Regulations of Nepal and procedure specified in the Bidding Document. Bidding is open to all Eligible Bidders/Service Providers as specified in the Bidding Document.
2. Other details are as follows:

| Cost of Bidding Document | Minimum Bid Security Amount | Minimum Validity Period of Bid Security | Bid Submission Deadline | Bid Opening Date and Time | Bid Submission |
|---|---|---|---|---|---|
| NRs. 3,000 | NRs. 190,000.00 | 20 January 2026 | 23 September 2025, on or before 1:00 P.M. | 23 September 2025, 1:15 P.M. | Through e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.** |

3. Interested Bidders may obtain further information and inspect the Bidding Document at the office of **NBNL, Kathmandu** or **NBNL Biratnagar** or may visit e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.**

**चौतारा साँगाचोकगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चौतारा, सिन्धुपाल्चोक**
**बाग्मती प्रदेश, नेपाल**

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०८२/०५/२२)**

चौतारा साँगाचोकगढी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकवाट मिति २०८२/०५/०२ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित दरभाउपत्र आव्हानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.p/egp मा दर्ता हुन आएका दरभाउपत्रदाताहरुको दरभाउपत्र मुल्यांकन गर्दा न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको दरभाउपत्रदाताको स्वीकृत गरिने प्रयोजनार्थ ७ (सात) दिनको आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

| सि. नं. | दरभाउपत्र नं. | दरभाउपत्र कार्यको प्रकृति | न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भएका दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट, बाहेक) |
|---|---|---|---|---|
| 1 | 03/2082/083 | Publication of Notice for FY 2082/083 (Black & White) | Zero Media Pvt. Ltd, Pragatimarg, Anamnagar, Kathmandu | ६६.९९ |

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित । कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं । पोबनं २०४५ । फोनः ५३६११७९ । फ्याक्सः ४३१८९९०। Email: nepalsamacharpatra@gmail.com । प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ । सम्पादकः सागर पण्डित